**Tribhuvan University Journal**
**Vol 40, No 2: 206-222, December 2025**
**Research Directorate, Tribhuvan University (TU)**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v40i2.88141**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# परीक्षण कथामा रजस्वलाको सौन्दर्यशास्त्र

***अमृतादेवी शर्मा***

*नेपाली केन्द्रीय विभाग, त्रिवि, काठमाडौँ*
*Corresponding author: amritaregmi99@gmail.com*

Received date: 26 Aug. 2025 –Accepted date: 15 Dec. 2025

## लेखसार

प्रस्तुत लेखमा राधिका कल्पितको ‘परीक्षण’ कथामा अन्तर्निहित रजस्वलाको सौन्दर्यशास्त्रको विश्लेषण गरिएको छ। यस कथामा किशोरीको प्रथम रजस्वलाको विशिष्ट अनुभूति र अनुभवका साथै नेपाली समाजको हिन्दु धर्म र संस्कृतिभित्र रजस्वलाप्रतिको निषेध, नकारात्मकता र अलगावको अवस्थाले किशोरीको शारीरिक र मानसिक जीवनमा पारेको प्रभाव र त्यसका विरुद्ध उसको प्रतिरोधलाई सुन्दर चित्रण गरिएको छ। कथामा अन्तर्निहित रजस्वलाको सौन्दर्यशास्त्रीय अध्ययनका लागि रगतमा सुन्दरता (ब्युटी इन ब्लड), महिनावारी गरिबी (पिरियड पोभर्टी) र सांस्कृतिक ढाँचालाई चुनौती गरी तीनओटा उपकरणलाई सैद्धान्तिक ढाँचाका रूपमा उपयोग गरिएको छ । यसका लागि पुस्तकालय कार्यद्वारा सामग्री सङ्कलन गरिएको छ । यसको सामग्री विश्लेषण गुणात्मक पद्धतिमा आधारित छ । यसका लागि पूर्वकार्यको अध्ययनद्वारा सैद्धान्तिक ढाँचाको निर्माण गरी पाठविश्लेषण विधिको प्रयोगद्वारा सामाजिक–आर्थिक सन्दर्भमा कथामा प्रस्तुत रजस्वलाको सौन्दर्यशास्त्रीय तथ्यहरूको विश्लेषण गरिएको छ । ‘परीक्षण’ कथामा प्रथम रजस्वला महिला जीवनको सबैभन्दा उल्लासमय र सुन्दर क्षण भएको तर सामाजिक सांस्कृतिक बन्देजले यसलाई मर्यादाको पर्खालभित्र निश्चित सीमामा बाँधेर कुरूप तुल्याएकामा असहमति प्रकट गर्दै त्यसका विरुद्ध सशक्त आवाज उठाइएको छ। वर्तमानसम्म पनि समाजले रजस्वलालाई एक सामान्य शारीरिक प्रक्रियाका रूपमा स्वीकार नगरेको तथा सामाजिक र नैतिक उत्तरदायित्वको विषय नठानेकामा यस कथाले प्रश्न गरेको छ। कथामा महिनावारीको रगतलाई गोप्य, लाज, घृणाका साथै कलङ्कको विषयका रूपमा स्थापित गरेर सार्वजनिक प्रतिनिधित्वबाट प्रतीकात्मक रूपमा मेटाइने गरेको र यसको दृश्यतालाई सार्वजनिक बहस र सरोकारको विषयबाट वञ्चित गरिएको अवस्थालाई चुनौती दिइएको छ । कथाले रजस्वलामाथिको प्रतिबन्ध र निषेधलाई महिलाको सिर्जनशक्तिमाथिको नियन्त्रणका रूपमा चित्रण गर्दै यसले महिलाको शारीरिक र मानसिक स्वास्थ्यका साथै उनीहरूको सामाजिक गतिशीलतामाथि नियन्त्रण कायम गरेको भन्दै त्यसको आलोचना गरेको छ।

**शब्दकुञ्जी :** प्रजननशक्ति, महिनावारी, रजस्वला, सांस्कृतिक ढाँचा, सौन्दर्यशास्त्र

## विषयपरिचय

'रजस्वला' शब्दले यौवन चढेपछि स्त्रीयोनीबाट प्रत्येक महिनामा हुने रक्तस्रावलाई जनाउँछ। सामान्यतया अठ्ठाइस दिनको अन्तरालमा गर्भाशयले आफ्नो भित्री अन्तर पुनर्निर्माण गर्दछ र अन्ततः महिनावारीका रूपमा प्रतिक्रिया व्यक्त गर्दछ । रजस्वला मासिक रूपमा हुने कोशिका, पाठेघरको आभ्यन्तरिक तह, तन्तुहरू, रगत तथा अन्य प्रकारका स्रावहरूको प्रवाहमार्फत हुने सिर्जनशक्तिको नवनिर्माणको प्रक्रिया हो । ध्वन्यात्मक रूपले रजस्वला शब्दले बगिरहेको धारा वा प्रवाहलाई स्मरण गराउँछ । यसलाई जनाउने अङ्ग्रेजी शब्द 'मिन्सुरेसन' ल्याटिन भाषाको 'मिन्सेस'बाट बनेको हो जसको अर्थ 'महिना' हुन्छ । यो शब्द चन्द्रमाको चाल र समयसँग सम्बन्धित भएकाले पर्याप्त रूपमा खगोलीय पनि छ । समाजमा रजस्वला जीवविज्ञान, संस्कृति र विमर्शको सङ्गममा रहेको एक जटिल विषय हो । परम्परागत रूपमा यसलाई निजी र चिकित्सकीय क्षेत्रमा मात्र सीमित गरिएको भए पनि हालका दिनमा यसलाई सामाजिक, सांस्कृतिक घटनाका रूपका स्वीकार गरिएको छ ।

रजस्वलाको सौन्दर्य यसको अनुभव, अनुभूति र भावनात्मक प्रतिक्रियामा अन्तर्निहित छ । रजस्वलाको सौन्दर्यशास्त्रले महिलाको महिनावारीलाई स्वाभाविक, स्वस्थ र सुन्दर तरिकाले बुझ्ने र व्यवहार गर्ने ज्ञानलाई जनाउँछ । यसले महिनावारीसँग सम्बन्धित शारीरिक, मानसिक र सांस्कृतिक पक्षहरूलाई सुन्दरता र स्वास्थ्यको दृष्टिकोणले अध्ययन गर्ने पद्धतिलाई बुझाउँछ । रजस्वला पनि सौन्दर्यशास्त्रीय हुन सक्छ किनकि यसले साहित्यकारलाई परम्परागत शुद्धताका पितृसत्तात्मक अवधारणाहरूसँग चुनौती दिन र सौन्दर्य र सिर्जनशीलताको अर्थ पुनः  परिभाषित गर्न सक्षम बनाउँछ (मुहर्मी, सन् २०२४, पृ. ८ ) । नेपाली समाजमा विषेश गरी हिन्दु धर्मभित्र रजस्वला अझै पनि एउटा निषेधका रूपमा रहँदै आएको छ जसले केवल महिलाको पहिचान र अनुभवलाई मात्र होइन सम्पूर्ण समाजलाई समेत प्रभावित गरेको छ । नेपाली साहित्यमा विशेष गरी महिला साहित्यकारहरूका केही सिर्जनामा रजस्वलालाई अनुभव, शरीर र सामाजिक सम्बन्धसँग गाँसेर सम्बोधन गरिएको पाइन्छ ।

राधिका कल्पित समकालीन कथाकार हुन् । उनले समाज, समय, मानिसका प्रवृत्ति, सामाजिक र मनोवैज्ञानिक पक्ष, मानवीय संवेदना, मान्छेका भोगाइ एवं अनुभूति, नारीले नारी भएकै कारण भोग्नुपरेका यौनिक तथा अन्य विविध किसिमका हिंसा र विभेद (गौतम, २०८१, भूमिका) लाई विषय बनाएर कथा लेखेकी छन् । उनका कथाले केवल व्यक्तिगत र निजी अनुभवलाई मात्र उजागर नगरी समाजले महिला र उनीहरूका कथाप्रति निर्माण गरेका मौनता, पूर्वाग्रह र रूढिहरूलाई पनि प्रश्न गरेका छन् । प्रस्तुत अध्ययनमा राधिका कल्पितको *सम्मोहन* कथासङ्ग्रहमा सङ्गृहीत 'परीक्षण' कथालाई रजस्वलाको सौन्दर्यशास्त्रीय आधारमा विमर्श गरिएको छ । यस कथामा नेपाली हिन्दु समाजव्यवस्थाभित्र पाप वा अधर्मका रूपमा परिभाषित गरिएको रजस्वलासम्बन्धी चिन्तन र यसले किशोरी जीवनमा पारेको

नकारात्मक असरलाई देखाउँदै त्यसका विरुद्ध प्रश्न गरिएको छ । कथामा 'म' पात्रको रजस्वलाको प्रथम अनुभव, त्यस अवस्थाको मनोभावना, उसको मानसिक र शारीरिक अवस्थाका साथै यौवनावस्थामा प्रवेश गर्दैगर्दाका कुतूहलता र मनस्थितिको चित्रणका साथै रजस्वलाप्रतिको समाजका निषेध र अस्वीकृतिले उसको जीवनमा पारेको नकारात्मक असर र त्यसविरुद्धको प्रतिरोधलाई देखाइएको छ । यस कथाले रजस्वलालाई प्राकृतिक र जीवनको सुन्दर क्षणका रुपमा चित्रण गर्दै सामाजिक सांस्कृतिक बन्देजले यसलाई मर्यादाको पर्खालभित्र निश्चित सीमामा बाँधेर कुरूप तुल्याएको अवस्थालाई देखाएको छ । नेपाली साहित्यमा रजस्वलाको विषयले केही स्थान पाएको भए पनि समालोचनाले यसलाई सम्बोधन गरेको देखिँदैन । प्रस्तुत लेखको उद्देश्य यस खालीपनलाई उजागर गर्नु र कथामार्फत परम्परागत अवधारणाहरूलाई प्रश्न गर्ने वैकल्पिक विचारलाई विश्लेषण गर्नु हो । प्रस्तुत अध्ययनबाट रजस्वलाको सौन्दर्यशास्त्रीय अध्ययनको सैद्धान्तिक ढाँचाका साथै साहित्यको विश्लेषणको आधार पनि निर्माण भएको छ । रजस्वलाबारे उदीयमान आवाज र वैकल्पिक कल्पनालाई पहिचान गरी महिलाको शरीर र अनुभवलाई नयाँ दुष्टिले बुझ्न प्रेरित गर्ने भएकाले यो अध्ययन औचित्यपूर्ण छ । यसै सन्दर्भमा प्रस्तुत अनुसन्धानमा 'परीक्षण' कथामा प्रतिबिम्बित महिलाको शरीर र अनुभवलाई नयाँ दृष्टिले बुझ्ने रजस्वलासम्बन्धी दृष्टिकोणका साथै यसको सामाजिक सांस्कृतिक अन्तर्सम्बन्ध र प्रतिरोधको विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानात्मक लेखमा रजस्वलाको सौन्दर्यशास्त्रलाई मूल आधार मानी 'परीक्षण' कथाको विश्लेषण गरिएको छ । रजस्वलाको सौन्दर्यशास्त्रलाई नारीवादी सिद्धान्त, समाजशास्त्र र सांस्कृतिक अध्ययनले आधार प्रदान गरेका छन् । यसको अध्ययनका निमित्त आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा 'परीक्षण' कथा रहेको छ भने रजस्वलाको सौन्दर्यशास्त्रीय चिन्तन र दृष्टिकोण प्रस्तुत भएका पुस्तक, समीक्षा, समालोचनात्मक कृतिहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । कथाविश्लेषणको आधार नारीवाद र समाजशास्त्रले प्रस्तुत गरेको रजस्वलाको सौन्दर्यशास्त्रीय मान्यता भएकाले यस चिन्तनका साथै अध्ययनलाई सघाउ पुऱ्याउने गरी सम्बद्ध कथाका बारेमा गरिएका अनुसन्धान, समीक्षा, समालोचनालगायतबाट अनुसन्धानका निम्ति आवश्यक पर्ने द्वितीयक सामग्री सङ्कलन गरिएको छ । उपर्युक्त सामग्रीहरूको उचित प्रयोग गरी 'परीक्षण' कथामा निहित रजस्वलाको सौन्दर्यशास्त्रीय पक्षहरूको मूल्याङ्कन गर्न विश्लेषणको सैद्धान्तिक ढाँचा तयार गरिएको छ र पाठविश्लेषणका आधारमा निष्कर्षमा पुगिएको छ । यस अनुसन्धानमा आवश्यकताअनुसार सूक्ष्म मापदण्ड निर्माण गरी कथाको विश्लेषण गरिएकाले यो अनुसन्धान समग्रतः विश्लेषणात्मक र गुणात्मक प्रकारको रहेको छ ।

## रजस्वलाको सौन्दर्यशास्त्रको सैद्धान्तिक आधार

सौन्दर्यात्मक दृष्टिकोण कुनै विशेष दृष्टिकोण, विशेष अनुभव हो भने सौन्दर्यात्मक मूल्य भनेको वस्तु र भावनाको मूल्य हो । हार्टम्यानले यसलाई व्यावहारिक वा नैतिक होइन बरु अद्वितीय र व्यक्तिगत छ भन्दै सौन्दर्यात्मक मूल्यले वस्तुलाई केवल उपयोगी वा नैतिक दृष्टिले होइन बरू यसको भावनात्मक र अद्वितीय उपस्थितिका आधारमा मूल्यवान् बनाउँछ (२०१४, पृ. ९०) भन्ने मान्यता राखेका छन् । व्यक्तिगत दृष्टिकोण र मानसिक स्थिति नै सौन्दर्य अनुभवको मूल आधार हो । सौन्दर्यको मूल आधार वस्तुमा होइन हाम्रा अनुभवका विशेषतामा निहित हुन्छ (साइतो, २००७, पृ. ४० ) । यसले हामीलाई कला र सौन्दर्यको मूल्य केवल कलाकृतिमा होइन हाम्रो अनुभूति, चेतना र भावनात्मक प्रतिक्रियामा पनि निर्भर हुन्छ भन्ने सिकाउँछ ।

रजस्वलाको सौन्दर्यशास्त्रले महिलाको प्रकृति, विशिष्ट क्षमता, गुण, उनीहरूको मनोभावना, रजस्वलाका कारण शरीर र मनमा आउने परिवर्तनका साथै यस प्रक्रिया र सामाजिक अन्तर्सम्बन्धको विश्लेषण गर्दछ । यसले रजस्वला वा महिनावारीलाई केवल चिकित्सकीय स्वच्छता वा स्वास्थ्यसम्बन्धी विषयका रूपमा मात्र चित्रण गर्ने परम्परावादी दृष्टिकोणलाई पुनः परिभाषित गर्दछ । रजस्वलाको सौन्दर्यशास्त्र सान्दर्भिक ज्ञान निर्माण गर्ने रणनीतिहरू विकास गर्न रजस्वला भएको शरीरसँग सम्बन्धित गहिरोसँग जरा गाडेका नकारात्मक सांस्कृतिक मान्यताहरूको प्रतिरोध गर्नमा केन्द्रित छ (गेवर र हरकोट, २०२२, पृ. २३८८) । रजस्वलाको सौन्दर्यशास्त्रले महिनावारी रगतको प्रवाहमा दृश्यात्मक सौन्दर्य र कलात्मक मूल्यको खोजी गर्दछ । यसले महिनावारी रगतको प्रवाही रूपमा रङको तीव्रता, गहिराइ र सम्भावित रङ संयोजनहरूको सूक्ष्म अध्ययन सम्भव हुन्छ भन्ने मान्दछ । यसले रजस्वलाको अनुभवलाई नयाँ, सौन्दर्यपरक र सिर्जनात्मक तरिकाले पुनर्संरचित गर्ने सम्भावनालाई प्रस्तुत गर्दछ ।

रजस्वलाप्रति समकालीन सामाजिक दृष्टिकोण अझै पनि द्विविधापूर्ण देखिन्छ । एकातिर रजस्वलालाई सामान्य विषय बनाउन सार्वजनिक विषयमा रजस्वलाको मासिक राजनीति उदय हुनु, पुनः प्रयोग गर्न मिल्ने उत्पादनहरूको प्रयोग जस्ता टिकाउ अभ्यासहरू विकास हुनुजस्ता दृश्यता र सक्रियताका रूपहरू बढिरहेका छन् भने अर्कातिर गहिरो रूपमा जरा गाडेका सांस्कृतिक निषेध र रूढिवादी धारणाहरू कायम छन् जसले व्यक्तिगत अनुभव र सामूहिक कल्पनालाई आकार दिइरहेका छन् । सन् १९८० को दशकमा नारीवादी सिद्धान्त, समाजशास्त्र, नृविज्ञान र सांस्कृतिक अध्ययनका विद्वानहरूले रजस्वलालाई घेरेर रहेको मौनतालाई चुनौती दिँदै यसलाई केवल जैविक प्रक्रिया वा लाजको स्रोतका रूपमा प्रस्तुत गर्ने सामाजिक दृष्टिकोणलाई प्रश्न गरेका छन् । यसको बढ्दो अनुसन्धानले रजस्वलालाई लिङ्ग, शक्ति र प्रतिनिधित्वका व्यापक प्रश्नहरूको परीक्षण गर्ने दृष्टिकोणका रूपमा अगाडि सारेको छ ।

रजस्वलाको सामाजिक सम्बन्धलाई विचारधारा, मान्यता र निषेधहरूले आकार दिएका छन् । समाजमा रजस्वलालाई बिरामीपन, फोहर र महिनावारी हुने व्यक्तिको उत्पादनशीलताको अभावसँग जोडेर हेरिन्छ (सेयर्स र जोन्स, सन् २०१५, पृ.८८) । सांस्कृतिक रूपमा रजस्वलालाई निषेधित विषयका रूपमा चित्रित गरिएको छ । महिनावारीको संवेदनशील, निडर भावनात्मक सौन्दर्यशास्त्रलाई साहित्यमा सघन रूपमा प्रस्तुत गर्न सकिन्छ । सन् १९८० को दशकमा आयरलायन्डमा भएको 'डर्टी प्रोटेस्ट' आन्दोलन यसको ज्वलन्त उदाहरण हो । यस आन्दोलनका बेला आयरल्याण्डको अर्माघ जेलका महिलाहरूले अपशिष्ट पदार्थ, पिसाब र महिनावारीको रगत जेलका पर्खालहरूमा दल्ने कार्य गरे (विन्स्टिन, सन् २००६, पृ.१३) । यस प्रकारको विरोध अत्यधिक सौन्दर्यपरक थियो किनभने यसले यथार्थमा फोहोर मानिएका वस्तुहरूसँग प्रत्यक्ष सम्पर्क गर्नुपर्ने स्थिति सिर्जना गर्यो । यस आन्दोलनको प्रभाव त्यसका दर्शकहरूमा परेको सौन्दर्यात्मक छापमा निर्भर थियो । महिनावारीको रगत र फोहोरको अतिदृश्यता (हाइपर भिजिबिलिटी) तथा तिनको भावनात्मक प्रभाव स्वयं क्रान्तिकारी थियो जसले कैदीहरूको उपचारमा सामाजिक परिवर्तन ल्याउने क्षमता राख्यो भने महिनावारीलाई सामाजिक विषयका रूपमा सार्वजनिक रूपमा छलफलमा ल्याउने काम गर्यो (मुहर्मी, सन् २०२४, पृ.१६) । यसै समयमा संयुक्त राज्य अमेरिकामा महिनावारीसँग सम्बन्धित टक्सिक शक सिन्ड्रोमका घटनाहरूले ठूलो चर्चा पाएको थियो । विशेष गरी सन् १९७९ देखि १९९६ सम्म ५,२९६ टिएसएसका घटनाहरू रिपोर्ट गरिएका थिए जसमा १०३५ घटना १९८७ देखि १९९६ को बीचमा रिपोर्ट गरिएका थिए (हज र अन्य, सन् १९९९, पृ.८०८) । यसले गर्दा महिनावारीसँग सम्बन्धित उत्पादनहरूको अन्धाधुन्ध व्यापारीकरणको आलोचना हुन थाल्यो किनभने यी उत्पादनहरूमा महिला स्वास्थ्यको सुरक्षामा खासै ध्यान दिइएको थिएन । यही कारणले गर्दा १९९० को दशकमा "यौवनावस्थाको विकास र महिनावारीसँग सम्बन्धित मिडिया बहसहरू" (मार्टिन, सन् १९९९, पृ.३९७) बढ्न थाले । यसपछि महिनावारी उत्पादनहरूको प्रयोगसम्बन्धी थुप्रै मार्गनिर्देशन भिडियोहरू तयार पारिए जसले तात्कालिक नवउदारवादी पुनरुत्थान र त्यससँग सम्बन्धित बजारमुखी प्रवृत्तिलाई पुष्टि गर्छ । वर्तमानमा पनि राम्रो महिनावारी व्यवस्थापनका लागि आवश्यक सामग्री र सुविधा बिना नै झण्डै ५० करोड मानिस बाँचिरहेका छन् (वल्ड बैङ्क, २०२२) तर अझै पनि "महिनावारी दमनको यथास्थिति" (सेयर्स र जोन्स, सन् २०१५, पृ.९५) पूर्ण रूपमा उल्टिएको छैन बरु केही मामलामा थोरै सकारात्मक पहल भने भएको छ । वर्तमान समयमा महिनावारीसम्बन्धी विषयहरू सार्वजनिक रूपले अलि बढी खुला भएका छन् र यससँग सम्बन्धित उद्योगले बढी आलोचना पाएको छ तर अझै पनि यसलाई सांस्कृतिक रूपमा गोपनीयताको सीमाभित्रै राखिएको छ । महिनावारीको दृश्यता भनेको केवल गोप्य र गन्धरहित रक्तस्रावको व्यापारीकरण मात्र होइन । यो केवल उद्योग वा बजारमा महिनावारीसम्बन्धी उत्पादनहरूको चर्चा मात्र होइन । वर्तमान

समयमा महिनावारीसम्बन्धी विषयहरूको सार्वजनिकीकरणमा केही प्रगति भएको छ तर यो सांस्कृतिक रूपमा गोपनीयताको सीमाभित्रै सीमित छ । समाजमा यसलाई त्यति खुला रूपमा प्रस्तुत गरिएको छैन ।

रजस्वलाको सामाजिक निषेधले केवल महिलाको पहिचान र अनुभवलाई मात्र होइन सम्पूर्ण समाजलाई समेत प्रभावित पार्दछ । यसले लाज, स्वास्थ्य, यौनिकता र प्रजननजस्ता विषयलाई आकार दिन्छ । सामान्यतः रजस्वला भएका महिलालाई बाली उत्पादन, घर व्यवहारका कार्य र समुदायको कल्याणका लागि खतरनाक ठान्ने विश्वास अझै पनि प्रचलनमा छ । अझै पनि यो व्यवहारमा प्रतिबन्धद्वारा व्यवस्थित भएको छ । साहित्यमा पनि रजस्वलालाई प्रायः उपमा र रूपकजस्ता भाषिक रणनीतिहरूको प्रयोगमार्फत विषेश रूपमा चित्रित गरिन्छ । रजस्वला शब्दलाई सार्वजनिक रूपमा मात्र नभई कहिलेकाहीँ निजी सन्दर्भमा समेत उल्लेख गर्न डराइन्छ किनभने यसलाई लाजमर्दो विषय मान्ने गरिन्छ । यी नियमन र दृष्टिकोणहरूले रजस्वलासम्बन्धी लाज र अपमानको संस्कृति कायम राख्दछन् जसले खुला संवादलाई मौन पार्छन्, सामाजिक रूढिलाई बल पुर्याउँछन् र प्राकृतिक जैविक प्रक्रियाप्रतिको सकारात्मक र सामान्यीकृत बुझाइलाई अवरूद्ध गर्दछन् । रजस्वलाको सौन्दर्यशास्त्रको बहसले लिङ्गीय असमानतालाई स्वीकार्ने तथा संस्थागत गर्ने मान्यता र अभ्यासहरूलाई चुनौती दिन सक्छ (गेवर र हरकोट, २०२२, पृ. २३८८) । रजस्वलाको सौन्दर्यशास्त्रले यसलाई केवल चिकित्सकीय स्वच्छता वा स्वास्थ्यसम्बन्धी विषयका रूपमा मात्र चित्रण गर्ने परम्परागत दृष्टिकोणलाई पुनःपरिभाषित गर्दछ । प्रस्तुत अध्ययनमा रजस्वलाको सौन्दर्यशास्त्रले विमर्श गर्ने विभिन्न पक्षमध्ये रगतमा सुन्दरता, मासिक गरिबी र महिनावारी स्वास्थ्य र सांस्कृतिक ढाँचालाई चुनौती गरी तीनओटा उपकरणका आधारमा 'परीक्षण' कथाको विश्लेषण गरिएको छ ।

## पारिणाम र विमर्श

राधिका कल्पितको 'परीक्षण' नेपाली समाजको हिन्दु धर्मसंस्कृतिभित्र हुर्केकी युवतीको प्रथम रजस्वलाको अनुभव र अनुभूतिका साथै त्यसक्रममा भोग्नुपरेका अप्ठेरा, विभेद र तिनले उसका जीवनमा पारेका नकारात्मक प्रभावलाई देखाइएको कथा हो । यसमा नेपाली समाजको हिन्दु संस्कृतिभित्र रजस्वलालाई पापका रूपमा चित्रण गरिने सामाजिक पद्धति र त्यस अवस्थामा गरिने महिलामाथिको सामाजिक निषेध, पौष्टिक आहार, आराम र सुविधाबाट वञ्चितीकरणलगायतलाई आख्यानीकरण गरिएको छ । यहाँ रजस्वलालाई महिलाको जीवनको अति विशिष्ट समयका रूपमा चित्रण गर्दै सामाजिक निषेध र नकारात्मकताले यसको सौन्दर्यमाथि प्रहार गरिरहेको अवस्थालाई देखाइएको छ । यस लेखमा रजस्वलालाई सामाजिक विषयका रूपमा चित्रण गर्दै यसलाई सार्वजनिक बहसमा ल्याइनुपर्छ भन्ने आधारमा कथाको विमर्श गरिएको छ । महिलाको यस संवेदनशील, भावनात्मक, शारीरिक रूपमा कठिन र उर्जाशील समयमा उनीहरूको स्वास्थ्य, आराम, सुरक्षाका साथै भावात्मक साथ र सहयोग सामाजिक

उत्तरदायित्वको विषय हो भन्ने सन्दर्भलाई कथामा व्यक्त भएका तथ्यका आधारमा विमर्श गरिएको छ। यस क्रममा रजस्वलासम्बन्धी कथाकारको दृष्टिकोण, रजस्वला र समाजको अन्तर्सम्बन्धबारे उनको बुझाइ र सांस्कृतिक रूपमा दमनको व्यवस्थाबारे कथामा व्यक्त भएका विचारहरूलाई केन्द्रमा राखेर बुँदागत रूपमा विमर्श गरिएको छ र त्यसका आधारमा निष्कर्षमा पुगिएको छ।

## रगतमा सुन्दरता (ब्युटी इन ब्लड)

रगतमा सुन्दरता (ब्युटी इन ब्लड)को अवधारणाले रजस्वलालाई प्राकृतिक, अस्तव्यस्त तर जीवनको सुन्दर अङ्ग मान्दछ। यसले रजस्वला महिला र पुरुषको साझा अनुभव नभएका मात्र कारणले असमानताको कारक हुने विभाजनकारी विषय हुनुपर्ने होइन भन्ने मान्दछ। यस अवधारणाले महिनावारीलाई देखिनुपर्ने विषय ठान्छ, यसले महिनावारी भएको शरीरलाई समान्य बनाउन मद्दत गर्छ र महिनावारी हुने व्यक्तिको जीवन अनुभवलाई स्वीकार गर्न, यसलाई अझ नजिकबाट हेर्न र आफ्नै भावनात्मक प्रतिक्रियाबारे सोच्न आमन्त्रण गर्दछ (मुहर्मी, सन् २०२४, पृ.२१)। महिनावारीको तरलता र प्रवाहशीलताले महिनावारी अनुभव गर्नेहरू र सामाजिक परिवेशबिच संवाद सिर्जना गर्ने सम्भावना राख्दछ भन्ने यसको धारणा छ। यसले महिनावारीलाई देखिनुपर्ने, संवाद हुनुपर्ने विषय मान्दै यसलाई लाज वा विभाजनको नभई शक्ति र समानताको स्रोतका रूपमा बुझिनुपर्ने धारणा अगाडि सारेको छ (टुङ्क, सन् २०१३, पृ. १३७)। यसले रजस्वला रगत र यसको स्वतन्त्र स्रावलाई सार्वजनिक बहसमार्फत अझ देखिने, महसुस हुने र सुगन्धित हुन पाउने अधिकारमा जोड दिएको छ।

रगतले शक्ति, सिर्जना, शौर्यका साथै जीवनको विस्तृततालाई संवहन गर्ने हुनाले यसको सौन्दर्य उच्च छ। महिनावारीको रगत गर्भाशयको भित्तामा बनेको रक्त र तन्तुहरूको मिश्रण हो। यो रगत यौनभिन्नताको सूचक हो र यसले यौनभिन्नताको प्रतिनिधित्व गर्दछ (क्रिस्तेभा, सन् १९८२, पृ. ७१)। किशोरावस्थामा प्रवेश गरेपछि प्रजननका लागि तयार भएका अवस्थामा रजस्वला प्राकृतिक अवस्था हो। करिब अठ्ठाइस दिनको अन्तरालमा गर्भाशयले आफ्नो अभ्यन्तरलाई पुनःनिर्माण गर्दछ र महिनावारीका रूपमा प्रतिक्रिया व्यक्त गर्दछ। यस चक्रले महिलाका शरीरमा महिनाभर हर्मोनल परिवर्तनका साथै विभिन्न लक्षणहरू ल्याउँछ जसको सौन्दर्य बढी मात्रामा अनुभवकेन्द्री हुन्छ। ‘परीक्षण’ कथामा किशोरी अवस्थामा प्रवेश गरेकी ‘म’ पात्रको प्रथम रजस्वलाको अनुभूति र यस क्रममा भएको रक्तप्रवाहको दृश्यात्मकतालाई सुन्दर तरिकाले चित्रण गरिएको छ। कथामा ‘बल फ्याँक्ने पालो मेरो थियो। दुवै हातले बल समातेर पर के हुत्याएकी थिएँ, एक्कासी साप्राबाट पिँडौलातिर गँड्यौला लर्कँदै झरेजस्तो काउकुती लाग्यो। आत्तिएर पिँडौला फर्काएर हेरेँ, सेतो पानामा रातो साइनपेनले बाङ्गोटिङ्गो धर्को तानेजस्तो रगतको धर्सो पिँडौला हुँदै कुर्कच्चासम्म पुगेको रहेछ’ (पृ.१६४) भन्ने अभिव्यक्तिमा पात्रको प्रथम रजस्वला अनुभवको वर्णन गर्दै सो क्रममा बहेको रगतको प्रवाहमा रहेको दृश्यात्मक सौन्दर्यलाई देखाइएको छ। ‘साप्राबाट पिँडौलातिर गँड्यौला लर्कँदै झरेजस्तो’ दृश्यात्मक र भावात्मक

अनुभूतिले रजस्वलाको तीव्रता, गहिराइ, सम्भावित भावात्मक र दृश्यात्मक रङ र अनुभूतिको कलात्मक संयोजनको सुन्दर चित्रण गरेको छ । यहाँ महिनावारीको तरलता र प्रभावशीलताले महिनावारी अनुभव गर्नेहरू र सामाजिक परिवेशबिच संवाद सिर्जना गरेको छ र यसले उनीहरूको आपसी सम्बन्धलाई बलियो बनाउने काम गरेको छ । 'सेतो पानामा साइनपेनले बाङ्गोटिङ्गो धर्को तानेजस्तो रगतको धर्सो' ले महिनावारी रगतको प्रवाही सौन्दर्यलाई चित्रण गरेको छ । यसले महिनावारीका क्रममा फरकफरक चरणमा बाहिर आउने विभिन्न रक्तधाराको दृष्टिगत र प्रतीकात्मक विविधतालाई पनि दृश्यता प्रदान गरेको देखिन्छ । कथामा आएको पिँडौला हुँदै कुर्कुच्चसम्म पुगेको महिनावारीको रगतको धर्सोले केवल रातो रङको रूपमा मात्र नभई त्यसको प्रवाहशीलता र गतिशीलताको अर्थ निर्माण गरेको छ ।

महिनावारी रगतमा सुन्दरता अवधारणाले यसको सिर्जनात्मक जीवन्तता र सौन्दर्यका साथै रचनात्मक र संवेदनात्मक अनुभूतिलाई समग्रमा उजागर गरिनुपर्छ भन्ने मान्यता राख्दछ । महिनावारी रगतको स्वतन्त्र बहाबलाई सिर्जनात्मक अधिकारको पूर्ण बहाबका रूपमा व्याख्या गर्न सकिन्छ (मुहर्मी, सन् २०२४, पृ.१९) । यसले महिनावारीलाई दैनिक अनुभवका रूपमा पूर्ण परिभाषित गर्दछ जसमा सौन्दर्यात्मक र अस्तित्वगत महत्त्व हुन्छ । यस अवधारणाले महिनावारी रगतलाई लुकाउन होइन मान्यता दिन आवश्यक हुन्छ भन्ने मान्दछ । यसको स्वतन्त्र बहाबलाई मुक्ति, शारीरिक स्वायत्तता र सौन्दर्यात्मक अधिकारको पुनः अधिकारका रूपमा व्याख्या गर्न सकिन्छ (मुहर्मी, सन् २०२४, पृ.२०) । 'परीक्षण' कथामा पनि महिनावारी रगतको प्रवाहलाई नदीसँग तुलना गर्दै यसको बहाबसँगै गतिवान् म पात्रको संवेदनालाई देखाइएको छ । कथामा भनिएको 'हिजो सुत्नुअघि फेरेका टालाहरू रगतले फतक्कै गलेका थिए । नयाँ टाला फेरेर अरू धुन थालेँ । टालाहरू धारामा थाप्नेबित्तिकै रगतको नदीजस्तो रातै कुलो बग्यो । उक्त रातो आफ्नै शरीरबाट निस्केको रगत हो भन्ने सम्झँदा कस्तोकस्तो अर्कै अनुभूति गरेँ' (पृ.१७०) भन्ने अभिव्यक्तिले महिनावारी रगतमा रहेको सिर्जनात्मक, भावात्मक र संवेदनात्मक भावलाई प्रकट गरेको छ । यहाँ बहेको रगतको रातोपन केवल रङ मात्र होइन यो मासिक धर्मको भावको रङ पनि हो । महिनावारी रगत सामान्यतया असहजता, फोहोर र घृणाका रूपमा वर्गीकृत हुने सामाजिक स्वरूपभित्र कथामा यसलाई जीवन सौन्दर्यसँग हेरिएको छ । यहाँ नदी र कुलोको यो उपमाले नदीको प्राकृतिक अवरोधहीन गति, जीवन र निरन्तरताको प्रतिनिधित्व गरेको छ । कथामा यस रङलाई केवल सौन्दर्यको प्रतीक मात्र नभई महिनावारीको शारीरिक अनुभव र सिर्जनात्मक जीवनको सुरुवातको सङ्केतका रूपमा प्रस्तुत गरेर यसलाई हल्का रूपमा लिन नहुने र यसको सौन्दर्यात्मक पक्षलाई ध्यानमा राख्नुपर्ने अन्तर्य पनि प्रस्तुत भएको छ । कथामा 'रातका समयमा फतक्क गलेका रगतका टाला'ले रजस्वलाको रगतलाई दृश्यात्मक रूपमा चित्रित गरेर यसको अनुभूति र शारीरिक अनुवादको मार्ग खोलिदिएको छ । कथामा तरल रगत नदीमा परिणत हुने दृश्य सौन्दर्यशास्त्रीय रूपमा प्रभावशाली छ । यहाँ रगतको नदीले विभिन्न प्रकारका रातोहरूको बहुलता, विविधता र उथलपुथललाई जनाउँछ । 'टालाहरू धारामा

थाप्नेबित्तिकै बनेको रगतको नदीजस्तो रातै कुलो'मा बहने रक्तप्रवाहमा विभिन्न प्रकारका रक्तधारा, क्लट र तन्तुहरू अन्तर्मिलित छन् र तिनले रातो रङको दृष्टिगत र प्रतीकात्मक विविधता निर्धारण गर्दछन्। यहाँ पानी रगतको नदीमा परिणत हुने दृश्य दृष्टिगत रूपमा जीवन्त कलात्मक चित्रण हो जसले पाठकलाई रङको परिवर्तन र उथलपुथलको दृश्य कल्पना गर्न सक्ने अवसर दिन्छ। यहाँ 'रगतको नदी' र 'रगतको कुलो'मा महिनावारी रगतको बहुलता, विविधता र उथलपुथल मिसिएको छ।

## महिनावारी गरिबी

महिनावारीलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न आवश्यक उत्पादन, सुविधा र सेवाहरूको पहुँच नहुनु वा खर्च गर्न असमर्थ हुनु महिनावारी गरिबी (पिरियड पोभर्टी) हो। समाजमा महिनावारीलाई पिसाव, दिसा जानुजस्तो सामान्य शारीरिक प्रक्रिया मानिँदैन र यसलाई समान सामाजिक जिम्मेवारीका रूपमा हेरिँदैन। महिनावारीलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्नका लागि पर्याप्त पानी, सरसफाइ र स्वच्छतासम्बन्धी आधारभूत सुविधा, सुलभ र उपयुक्त सरसफाइ सामग्रीहरू, यिनीहरूको उचित प्रयोगसम्बन्धी जानकारी र सहयोगी वातावरण किशोरी र महिलाहरूका लागि आधारभूत आवश्यकता हो जहाँ उनीहरूले कुनै लाज वा कलङ्कबिना यसलाई सहज रूपमा व्यवस्थापन गर्न पाउनुपर्छ (वर्ल्ड बैङ्क, सन् २०२३ )। महिनावारीसँग सम्बन्धित सामग्री किन्न आर्थिक अभाव, उनीहरूका लागि सफा र सुरक्षित ठाउँको कमी, विभेदपूर्ण सांस्कृतिक परम्परा र व्यवहारका कारण महिला र किशोरीहरू महिनावारी गरिबीबाट गहिरो रूपमा प्रभावित भएका देखिन्छन् (मनुष्य फाउन्डेसन, सन् २०२३, मार्च १८)। महिनावारी चक्रले महिलाका शरीरमा महिनाभर हर्मोनल परिवर्तनका साथै विभिन्न शारीरिक र मानसिक उतारचढाव ल्याउँछ। महिलाको यस शारीरिक विशिष्ट प्रक्रियालाई सामाजिक उत्तरदायित्वको विषयका रूपमा नहेरिने हुनाले यसलाई महिलाको व्यक्तिगत अवस्था मान्दै रक्तस्रावमा मात्र ध्यान केन्द्रित गर्दछ। रजस्वलालाई महिलाको व्यक्तिगत विषय बनाउनमा आर्थिक बोझ मात्र होइन सामाजिक, राजनीतिक र आर्थिक कारकहरू पनि समावेश भएका हुन्छन्। असामाजिक, सांस्कृतिक र राजनीतिक कारणहरूले गर्दा महिनावारी अझै पनि शिक्षा, रोजगार र सामाजिक सहभागितामा ठुलो बाधा बनेको छ (मार्सल र नर्मन, सन् २०२२, पृ. २६०)। यसले समान अवसरको अभाव मात्र सिर्जना गरेको छैन, स्वास्थ्य र व्यक्तिगत तथा समुदायको भलाइमा पनि जोखिम बढाएको छ। 'परीक्षण' कथामा 'म' पात्रले पहिलो महिनावारीमा यससँग सम्बन्धित कुनै पनि आधारभूत आवश्यकता प्राप्त गरेको देखिँदैन। उनले यसको उचित व्यवस्थापनका लागि सरसफाइसँग सम्बन्धित कुनै सामग्री प्राप्त गरेकी छैनन् भने पौष्टिक आहारका साथै उचित भावनात्मक साथ र सहयोग पनि प्राप्त गरेकी छैनन्। कथामा म पात्रलाई पहिलो महिनावारीसँगै परिवार र समाजबाट अलग्याएर थोत्रा र अन्य समयमा प्रयोगमा आउन नसक्ने कपडा, उचित खानपिनको अभाव, स्कुल जान निषेध, सूर्यको तापमा निषेधका साथै पापको डर र त्रास देखाएर प्रकृतिसँगको स्पर्शमा समेत लगाइएको बन्देज माहिनावारी गरिबी हो। कथामा आमाले आफ्नो साडीका

पुराना टाला र पुराना कपडा फेर्न दिएको निम्न अवस्थाले समाजमा रहेको महिनावारीप्रतिको दृष्टिकोण र सामाजिक संरचनामा रहेको निषेधकारी भावनालाई उजागर गरेको छ । कथामा भनिएको छ :

एकछिनमा आमा पुरानो सुतीको धोतीका टाला र मेरो पुरानो लुगाको पोको समातेर हस्याङफस्याङ गर्दै आउनुभयो र भन्नुभयो, 'ला यिनी लुगा फेर् । '

सुतीको टालो पट्टाएर देखाउँदै भन्नुभयो, 'यी यसरी पट्टाएर कट्टुमाथि राख्नुपर्छ । दिनैपिच्छे धुनुपर्छ । पहिलोचोटि नछुने हुँदा घरको धुरी हेर्न नि हुन्न । दाइभाइ, बा, काकाहरूको अनुहार हेर्यो भने उनीहरूको आयु घट्छ । आमाले हतारिँदै भन्नुभयो, 'अब सेउ ओडेर तार्गा बैदार्नी काकीकाँ जानुपर्छ । एघार दिनको कपाल नआएसी चोख्खिएर मात्रै घर आउनुपर्छ । (पृ.१६५)

उपर्युक्त कथांशले रजस्वलाप्रतिको समाजको दृष्टिकोण र नकारात्मकतालाई प्रतिबिम्बित गरेको छ । नेपालजस्तो कम आय भएको मुलुकमा मासिक रूपमा प्रयोग हुने उत्पादनहरू प्रायः किनमेलका लागि आवश्यक सूचीमा पर्दैनन् । कथामा आमाले छोरीलाई रजस्वला भएको थाहा पाउनेबित्तिकै पुराना लुगाको पोको दिएर तिनै लगाउन र दाजुभाइ र घरभन्दा पर एकान्त ठाउँमा लगेको अवस्थाले महिनावारीप्रतिको बेवास्ता र नकारात्मकतालाई चित्रित गरेको छ । यहाँ महिनावारीका लागि मासिक उत्पादन खरिद गर्न नसक्नु र पहुँच नहुनु एउटा स्पष्ट कारण भए पनि सांस्कृतिक कलङ्क र शिक्षाको कमी यस समस्याको मुख्य कारण हो । अन्य शारीरिक प्रक्रियालाई आधारभूत आवश्यकता मानिने र यसको उचित व्यवस्थाका लागि पूर्वाधार, नीति र सुविधा निश्चित गरिने तर महिनावारीलाई समान सामाजिक जिम्मेवारी नठानिने सामाजिक अवस्था यसलाई फोहोर वा अपवित्र भनेर दाग लगाउने र मौनताको घेराभित्र राखिने परिपाटीले तय गरेको हो । महिलाको शारीरिक र मानसिक स्वास्थ्यसँग जोडिएको यस संवेदनशील र गम्भीर क्षणलाई सामाजिक अपराधको स्तरमा व्यवहार गरिने अवस्था सांस्कृतिक रूपमा लगाइएको प्रतिबन्धको परिणति हो जसले रजस्वलालाई सामाजिक विषयका रूपमा स्वीकार नगरी महिलाको व्यक्तिगत अवस्थाका रूपमा चित्रण गरेको छ ।

मासिक गरिबी लिङ्ग असमानताको एउटा लक्षण मात्र नभई यसलाई बढाउने कारक पनि हो । यो सामाजिक र संरचनात्मक असमानतालाई उजागर गर्ने विषय हो र यसलाई बेवास्ता गर्न सकिँदैन (मार्सल र नर्मन, सन् २०२२, पृ.२६१) । महिनावारीलाई सामाजिक प्रतिबन्धको घेराभित्र राख्न प्रतिबन्धित लिङ्गीय मान्यताको प्रमुख भूमिका छ । लिङ्ग असमानताको इतिहासलाई ध्यानमा राख्दा महिला हुनुको शारीरिक अभिव्यक्तिलाई नकारात्मक अर्थमा हेर्ने र श्राप वा भगवानको सजाय हो भन्ने धारणा रहेको छ । समाजमा रहेको महिनावारीप्रतिको सामाजिक निषेधलाई कथामा यसप्रकार चित्रण भएको छ :

म पर सरेको कुरा टोलभरि थाहा भएछ । काकी, ठुलीआमा, हजुरआमा एक एक गर्दै गोठको माथि उक्लेर मलाई हेर्न थाले । सबै जना एकजुट भएर आमाको स्वरमा स्वर मिलाएर भट्टाउन थाले, 'हाम्रा कुलले नमान्ने कुरा तैले गरेर हुन्छ ? भोलि बिहान तलमाथि भयो भने तैँले बेहोर्चेस् ?

'पाप लाए मलाई लाग्च । तपाईहरूले चिन्ता गर्नुपर्दैन ।' मैले पनि सकेजति जोडले कराउँदै भनेँ ।

'पाप तँलाई मात्र लाउँच र ? एउटाले गरेको पापले सारा कुललाई पिर्च ।' उपल्लाघरे ठुलीआमा सातो जाने गरी कराइन् ।

मैले रुँदै भने 'कहाँ लाग्छ पाप ? कसरी लाग्छ पाप ?'

मेरा कुरा सुनेर हजुरआमा कड्कनुभयो, 'पाप त जसरी पनि लाउन सउच नि । कहिले लाको बालीनानी नासिन्छ । कहिले बाढीपहिरोले खेतीबाली बढार्च । कहिले वस्तुभाउ मर्चन् । कहिले कुल कुटुम्बमा अपशकुन हुन्च । घराँ अलच्छिन लाउँच ।' (पृ.१६५)

उपर्युक्त कथांशमा आमा, काकी, हजुरआमाहरूका रजस्वलाप्रतिका दष्टिकोणको निर्माण प्रतिबन्धित लिङ्गीय मान्यतामा आधारित सामाजिक सांस्कृतिक मूल्य र रुढिहरूले गरेका हुन् । रजस्वला भएकै कारण पाप र धर्मको डर देखाएर स्कुले बालिकालाई शिक्षालगायत हरेक कार्यमा प्रतिबन्ध लगाउने काममा यिनै विभेदकारी मूल्य र अनुष्ठानहरूले प्रकार्य गरिरहेका छन् । कथांशमा आएका रजोवतीले छोएमा बालीनाली नासिने, बाढीपहिरोले खेतीपाती बढार्ने, कुटुम्बमा अपशकुन हुने जस्ता अविवेकी र अतार्किक रूढिहरू शैक्षिक चेतना र सामाजिक न्यायलाई निषेध गर्ने र ज्ञान र विवेकसँग प्रतिवाद गर्ने कुर्तकहरूले समाजको लैङ्गिक विभेद र असमानतालाई नै आकार दिइरहेका छन् । भर्खर यौवनावस्थामा प्रवेश गर्दै गरेकी बालिकालाई प्रथम रजस्वलाको प्रहरसँगै घरपरिवारबाट विच्छेद गरेर 'पुसको ठिहियाउने जाडोमा धुजाधुजा परेको काम्लो र गुन्द्रीको भरमा हावा पनि मुस्किलले छिर्ने खोपीमा' रात बिताउन (पृ. १६६) बाध्य पार्ने परिस्थिति उनीहरूका आमा, दिदीहरूले नभई लिङ्गविभेदकारी सामाजिक सम्बन्धले निर्माण गरेको हो । यहाँ अशुद्धताको अनुष्ठानीकरण लिङ्गविभेदसँग गहिरो रूपमा जोडिएको देखिन्छ ।

रजस्वलाप्रतिको सामाजिक अस्वीकृति समाजमा पुरुषको महिलामाथिको नियन्त्रणसँग मुख्य रूपमा जोडिएको छ । पितृसत्तात्मक समाजमा देखिने रजस्वलाप्रतिको डर विशेषतः महिलाको प्रजननप्रतिको डर हो ( क्रिस्तेभा, सन् १९९८, पृ. ७१) । कथामा 'हिँड्दावर्दा झारपात, फलफूलका बुटा, दुबो, पाती केही नछोइकन अलग्ग हिँड्नू । गोठाँ गाई बाच्छीले खाने पराल नछुनू । पर्सी पाँच दिनमा नुहाएर फेरि चोखिन पर्च । क्यार्चेस् त छोरीमान्छे भएसी बानी पर्दै जानुपर्च ।' (पृ.१६८) भन्ने बैदार्नी आमाको भनाइले रजस्वलाको रक्तप्रवाहसँगै शारीरिक र मानसिक रूपमा संवेदित हुने महिलाको

यस अवस्थाको उचित व्यवस्थापन सामाजिक दायित्वको विषय हुनुपर्नेमा यसलाई सामाजिक रूपमा निषेध गरिएको अवस्थालाई चित्रित गर्दछ। 'लेकको ठिही, पुष माघको बिहानको चिसोमा ठिहिऱ्याउने पानीमा' (पृ.१६७) दिन बिराएर नुहाउन बाध्य पारिने अवस्था पितृसत्ताको प्रभुत्वशाली पहिचानले निर्माण गरेको महिनावारीप्रतिको नकारात्मता र निषेध नै हो जसले शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्यलाई सामाजिक विषयबाट बहिष्कार गरेको छ। कथामा रजस्वलाकै कारण स्कुल जान, कापी कलम छुनलगायत व्यक्तिगत र सामाजिक क्रियाकलाप र स्वास्थ्यवद्र्धक खानेकुरामाथि लगाइएको प्रतिबन्धले (पृ. १६९–१७१) पितृसत्तात्मक राजनीतिको गहिराइलाई चित्रित गर्दछ । कथामार्फत प्रतिबिम्बित नेपाली समाजमा व्याप्त महिनावारी अवस्थाले यसलाई सामाजिक विषयका रूपमा स्थापित गराउन सामाजिक चेतना, सरकारी नीति, पहुँचयोग्य सफाइसामग्री, विद्यालय र कार्यस्थलमा सुविधाका साथै समुदायमा खुलेर छलफल गर्ने वातावरण आवश्यक छ भन्ने देखाएको छ। यसका साथै कथाले महिनावारी सामान्य प्रक्रिया भएकाले यसलाई लुकेर होइन सहज र सम्मानजनक तरिकाले व्यवस्थापन गर्नु समाजको साझा जिम्मेवारी हो भन्नेतर्फ सचेत हुन पनि सङ्केत गरेको छ।

## सांस्कृतिक ढाँचालाई चुनौती

रजस्वलाको रगत वा महिनावारी रगतलाई धार्मिक, सांस्कृतिक दृष्टिले अशुद्ध वा प्रदूषित मानिन्छ। समाजको सांस्कृतिक विविधताभित्र महिनावारीलाई फोहोर वा अपवित्र भनेर दाग लगाइएको छ र यसलाई मौनताको सीमाभित्र राखिएको छ । समाजको सांस्कृतिक ढाँचाभित्र रजस्वलाप्रति नकारात्मक दृष्टिकोणहरू आन्तरीकृत भएकाले नै महिनावारीसँग सम्बन्धित कलङ्क प्रभावशाली भएको हो। महिनावारीसँग सम्बन्धित कलङ्कले ज्ञान, व्यावहारिक अपेक्षा र सामाजिक समर्थनलाई प्रभावित गरेका छन् र महिला आचरणका औचित्य र अपेक्षाहरूका साथै उनीहरूका स्रोत र पहुँचलाई सीमित गरेका छन् (बबेल र फाह, सन् २०२०, पृ. ९६०) । समाजमा रहेको रजस्वलाप्रतिका यी निषेधकारी र नकारात्मक दृष्टिकोण पितृसत्तात्मक विचारधाराले निर्माण गरेका सामाजिक सांस्कृतिक ढाँचाले व्यवस्थित गरेका हुन्। पितृसत्तात्मक समाजले महिनावारीको रगतलाई पितृवंशीय शक्तिका लागि खतराका रूपमा लिन्छ र समाजमा पुरुषको शक्ति सुनिश्चित गर्न महिलाको प्रजनन्शक्तिमाथि नियन्त्रण आवश्यक ठान्दछ (क्रिस्तेभा, सन् १९९८, पृ. ७१)। यही खतराले नै पितृसत्तात्मक समाजले महिनावारी रगतको दृश्यतालाई कुनै पनि हालतमा स्वीकार गर्दैन । नेपालमा धार्मिक विश्वास एवम् संस्कृतिक प्रभावले महिनावारीमा प्रत्यक्ष प्रभाव पारेको छ ( भण्डारी, २०७९, पृ. ११५) । 'परीक्षण' कथामा बैदार्नी काकीको 'टाला मान्छेले देख्ने गरी नधुनू। मान्छेले देख्ने ठाउँमा नसुकाउनू। कसैका आँखा परे भने रगतमा छेद हाल्चन्' (पृ. १७३) भन्ने अभिव्यक्तिले महिनावारी रगतको गोप्यता, अदृश्यता र मौनताको सीमाभित्र कैद गरिएको रजस्वलाको सांस्कृतिक ढाँचालाई चित्रण गर्दछ। यसले महिनावारी रगतको सामाजिक निषेधलाई देखाउँछ जुन रजस्वलाको पितृसत्तात्मक नियन्त्रणका लागि

महत्त्वपूर्ण आधार हो । रजस्वलाको सौन्दर्यशास्त्रले यसलाई अस्वीकार गर्दछ र महिनावारी रगतको बहिष्करण र अस्वीकारका लागि यसलाई लाज, घृणा र मौनताको सीमाभित्र कैद गरिएको सांस्कृतिक ढाँचालाई चुनौती दिन्छ । भर्खरै बाल्यकालीन अवस्था पार गर्दै यौवनावस्थामा प्रवेश गरेकी 'म' पात्रले पितृसत्तात्मक समाजव्यवस्थाले निर्माण गरेको यस विभेदकारी ढाँचालाई चुनौती दिएकी छ । उसले प्रथम रजस्वलामा नै यसमाथि लगाइएका हरेक प्रतिबन्ध, सीमा र निषेधविरुद्ध प्रश्न मात्र गरेकी छैन धार्मिक सांस्कृतिक आवरणमा गरिएका सबै प्रकारका निषेध र प्रतिबन्धका विरुद्ध प्रश्न गरेकी छ । यसलाई रजस्वलाको प्रथम दिनमा नै अर्काका घरमा निर्वासित हुनुपर्दा उसले गरेका निम्न प्रश्न र तर्कले प्रष्ट पारेका छन् :

> यहाँ आएदेखि मभित्र प्रश्नैप्रश्नको बारुद विस्फोट हुन खोजिरहेछ । एउटा भर्खर उड्न सिक्दै गरेकी चरीलाई पिँजरामा थुनेको महसुस गरेकी छु यतिखेर । जीवनको सबैभन्दा उल्लासमय प्रहरको आरम्भमै स्वीकार्नै नसकिने यो कस्तो व्यवस्था सिर्जना गरिएको छ मलाई ? यो निर्वासित जीवन ?
>
> मलाई एक्कासी सानी बच्चीबाट ठुली भएँजस्तो लाग्छ । मलाई मेरी आमाको अज्ञानताप्रति दया लागेर आयो । मेरो दाजुभाइ र बाको दीर्घायुको कामना गर्ने मेरी आमालाई उही कोखको बालाखा छोरीको आयुको चिन्ता किन भएन होला ? ( पृ. १६६)

उपर्युक्त कथांशमा रजस्वलाप्रतिको सामाजिक अलगाव, निषेध र प्रतिबन्धलाई मौन रूपमा स्वीकार नगरी प्रतिवाद गरिएको छ । महिनावारीको रगतले महिलाको सिर्जनशक्तिको विशिष्टतालाई प्रकट गर्दै पितृसत्तात्मकतालाई चुनौती दिने हुनाले यो महिलाहरूका लागि 'जीवनको सबैभन्दा उल्लासमय क्षण' बनेको हुन्छ । यस अवस्थामा समाजले 'निर्वासित जीवन भोग्नुपर्ने' बनाएकाले नै 'म' पात्रका मनमा प्रश्नहरूको बारूद 'विस्फोट हुन' खोजिरहेको हो । रजस्वलाले पितृसत्तात्मक सामाजिक सम्बन्धमा असन्तुलन ल्याउने हुनाले यसै अवस्थादेखि नै किशोरीहरू नैतिकता र मर्यादाको भारी बोक्न र 'ठुली भएँ' भन्ने अनुभव गर्न बाध्य भएका हुन् । यो प्रस्ट रूपमा महिलाको प्रजनन्क्षमतामाथिको नियन्त्रण हो र समाजमा पितृसत्तात्मक सांस्कृतिक ढाँचाले यसलाई अझ दृढ र कसिलो तुल्याएको हुन्छ । त्यसैले महिलाको प्रजननशक्तिमाथिको नियन्त्रण गर्ने जिम्मेवारी बोकेको पितृवंशीय सम्बन्धले निर्माण गरेको सामाजिक स्वरूपभित्र 'बा र भाइहरूको दीर्घायुको कामना' आमा र बहिनीको सामाजिक नैतिक उत्तरदायित्वको विषय बनेको हो । कथामा 'म' पात्रले यी विभेदकारी सामाजिक सांस्कृतिक ढाँचालाई निम्न क्रियाकलापमार्फत चुनौती दिएकी छ :

मलाई बन्देज लगाएका सबै चिज छुनु थियो । झारपात, गाई, बाच्छो, मठ मन्दिर, देउता सबैलाई छोएर परीक्षण गर्नु थियो पापको ।

> गोठमा जान्छु । गाईलाई मुसार्छु । ऊ बाँ गर्छ । बाच्छोलाई अँगालो हाल्छु । ऊ आनन्द मानेर मेरो गालामा आफ्नो गाला मुसार्न आइपुग्छ । गोठमुनिको बारीमा झर्छु । बारीको छेउमा लस्कै मेवा, मेल र बेलौतीका बुटाहरू छन् । मेवाको बुटामा लटरम्म मेवा फलेका छन् । अम्बा भने निख्रिसकेका थिए । मेरो कानलाई तगारोतिरै राखेर हातखुट्टा चाँडोचाँडो चलाउँछु । बारीको छेउमा भएको मेवाको बोटलाई गम्लङ्ङ अँगालो हाल्छु र बोटमा हात साङ्ली पारेर फनफनी घुम्छु । (पृ. १७४)

उपर्युक्त कथांश प्रथम रजस्वलाको संवेदनशील र नाजुक पलमा पाप, अर्धम, सामाजिक सीमाबद्धता, सफाई वा नैतिकताका बहानामा दिइएको सांस्कृतिक दबाबको परीक्षणका साथै सांस्कृतिक ढाँचालाई चुनौती पनि हो । यहाँ पितृसत्तात्मक व्यवस्थाले निर्माण गरेको सांस्कृतिक रोकावटको अस्वीकृति केवल भौतिक मात्र नभई साङ्केतिक पनि छ जसले महिनावारीलाई अदृश्य, नियन्त्रित, नैतिक, सांस्कृतिक आवश्यकता मान्ने व्यवस्थालाई चुनौती दिएको छ । पितृवंशीय समाजले मातृशक्तिलाई यति भयानक मान्छ कि समाजमा पुरुषको शक्ति सुनिश्चित गर्न उसलाई यस शक्तिमाथि नियन्त्रण गर्नुपर्छ (क्रिस्तेभा, सन् १९९८, पृ.७१) । रजस्वलामाथि बाह्य रूपमा थोपरिएका व्यवहारगत अपेक्षाहरू, महिनावारी भएका महिलामाथि राखिएका स्पष्ट धार्मिक वा सांस्कृतिक अपेक्षाहरू र महिनावारीको शरीरमाथि थोपरिएको सूक्ष्म मर्यादा तथा सरसफाइसम्बन्धी आदर्शहरूमा यसको स्पष्ट स्वरूप देखिन्छ । कथामा 'म' पात्रले सबै खालका धार्मिक सांस्कृतिक मर्यादा र आदर्शलाई अस्वीकार गरेकी छ । उसले रजस्वला भएकै अवस्थामा 'घरभित्रै छिरेर गाग्रीको पानी, दहीका ठेकीहरू, घिउ र तेलका चौठीहरू छुनु र फूल टिपेर तुलसालाई चढाउनु' (पृ.१७५) धार्मिक सांस्कृतिक प्रतिबन्धको परीक्षणका साथै रजस्वलाप्रतिको सामाजिक बेवास्ता र अस्वीकृतिप्रति विद्रोह हो । कथामा 'म' पात्रले रजस्वलामाथि प्रतिबन्ध लगाउने पितृसत्तात्मक सामाजिक सांस्कृतिक ढाँचामाथि दृढ प्रश्नहरू गरेकी छ, सामाजिक प्रतिबन्धले निर्माण गरेका ढाँचामाथि व्यावहारिक परीक्षण गरेकी छ र त्यसपछि चुनौती दिएकी छ । दोस्रो पटकको रजस्वलामा 'अब त मरे नि लुक्न जान्न । बार्न पनि बार्दिन । हेर्छु म नि पाप कसरी लाग्दो रैच' (पृ.१८०) भन्ने उसको दृढताले रजस्वलालाई निषेध र कलङ्कको सीमाभित्र कैद गर्ने सांस्कृतिक मूल्यलाई दह्रो चुनौती दिएका छन् । उपर्युक्त चुनौतीले महिनावारीलाई असामान्य मान्नु अनुभवको साझेदारीको कमी, समझको अभाव र महिलाको पीडाको अभिव्यक्तिलाई गम्भीरताका साथ नलिनु हो (मार्सल र नर्मन, सन् २०२२, पृ. २६१) भन्ने मान्यतालाई समर्थन गरेको देखिन्छ । कथामा महिनावारीलाई सामान्य शारीरिक प्रक्रियाका रूपमा स्वीकार गरिनुपर्ने र यसलाई सामाजिक विषय मानिनुपर्नेतर्फ सचेत तुल्याउँदै यसलाई असामान्य र सामाजिक कलङ्कका रूपमा स्थापित गर्ने कुरूप सांस्कृतिक ढाँचालाई अस्वीकार गरिएको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा राधिका कल्पितको 'परीक्षण' कथामा अभिव्यक्त रजस्वलाको सौन्दर्यशास्त्रलाई रगतमा सुन्दरताको अवधारणा, मासिक गरिबी र यसले महिला स्वास्थ्यमा पार्ने असर र सांस्कृतिक ढाँचामाथि चुनौतीसँग सन्दर्भित गर्दै रजस्वलाप्रति समाजको निषेध र अस्वीकृतिले किशोरी जीवनमा पार्ने नकारात्मक असर र त्यसविरुद्धको प्रतिरोधलाई विश्लेषण गरिएको छ। यस कथामा प्रथम रजस्वला महिला जीवनको सबैभन्दा उल्लासमय र सुन्दर क्षण भएको तर सामाजिक सांस्कृतिक बन्देजले यसलाई मर्यादाको पर्खालभित्र निश्चित सीमामा बाँधेर कुरूप तुल्याएकोप्रति असहमति प्रकट गर्दै त्यसका विरुद्ध सशक्त आवाज उठाइएको छ। कथामा रजस्वलामाथि सामाजिक प्रतिबन्ध लगाइएको नेपाली समाजको अवस्थामार्फत रजस्वलामाथिको सामाजिक प्रतिबन्ध र निषेध महिलाको प्रजननशक्तिमाथिको नियन्त्रण हो भन्ने अन्तर्य प्रस्तुत छ। कथामा प्रस्तुत रजस्वलाप्रतिको सामाजिक सांस्कृतिक अस्वीकृति र अलगावले महिलाको प्रजननशक्तिसँगको पितृसत्ताको त्रासलाई स्पष्ट गरेको छ। कथामा सबल रूपमा चित्रण भएको रजस्वलामाथिको सामाजिक सांस्कृतिक बन्धन र निषेध महिलाको प्रजनन क्षमतामाथिको नियन्त्रणलाई दृढ र कसिलो तुल्याउने अस्त्र हो। यस कथामा 'म' पात्रका माध्यमबाट सामाजिक सांस्कृतिक व्यवस्थाले रजस्वलाप्रति निर्माण गरेका निषेध, मौनता, पूर्वाग्रह र रुढिहरूलाई प्रश्न गरिएको छ। कथामा महिनावारीको व्यवस्थापनमा खटिएर भूमिका निर्वाह गरेका 'म' पात्रकी आमा, बैदार्नी, हजुरआमालगायतका माध्यमबाट पितृसत्तात्मक सामाजिक व्यवस्थाले रजस्वलामाथि गरेका निषेधलाई अझै बलियो दृढ बनाउन महिलाकै उपयोग गर्दछ भन्ने यथार्थलाई पनि देखाइएको छ। वर्तमानमा समयमा महिनावारी केवल उद्योग वा बजारमा महिनावारीसम्बन्धी उत्पादनहरूको चर्चामा मात्र सीमित रहेका अवस्थामा यस कथाले महिनावारीको दृश्यता भनेको केवल गोप्य र गन्धरहित रक्तश्रावको व्यापारीकरण मात्र नभई महिनावारी अनुभव र यसमाथिको पितृसत्तात्मक नियन्त्रणविरुद्धको प्रतिरोध हो भन्नेतर्फ सचेत तुल्याएको छ। यस कथाले महिनावारीको रगतलाई गोप्य, लाज, घृणाका साथै कलङ्कको विषयका रूपमा स्थापित गरेर सार्वजनिक प्रतिनिधित्वबाट प्रतीकात्मक रूपमा मेटाइने गरेको र यसको दृश्यतालाई सार्वजनिक बहस र सरोकारको विषयबाट वञ्चित गरिएको अवस्थालाई देखाएको छ। समग्रमा यस कथाले वर्तमानसम्म समाजले रजस्वलालाई एक सामान्य शारीरिक प्रक्रियाका रूपमा स्वीकार नगरेको र सामाजिक र नैतिक उत्तरदायित्वको विषय नठानेकोप्रति प्रश्न गरेको छ। यहाँ रजस्वलामाथिको प्रतिबन्ध र निषेधलाई महिलाको सिर्जनशक्तिमाथिको नियन्त्रणका रूपमा चित्रण गर्दै यसले महिलाको शारीरिक र मानसिक स्वास्थ्यका साथै सामाजिक गतिशीलता र नैसर्गिक हकलाई प्रतिबन्धित गरेको छ भन्ने अन्तर्य प्रस्तुत भएको छ। वर्तमानमा महिनावारी व्यवस्थापनका लागि आवश्यक सामग्री र सुविधाबिना नै नेपाली समाजका अधिकांश महिलाहरू बाँचिरहेको र महिनावारी दमनको यथास्थिति उस्तै रहेको अवस्थालाई

देखाउन 'परीक्षण' कथा सफल छ । यस कथाले नेपाली समाजमा रजस्वलाप्रति उदीयमान आवाज र वैकल्पिक कल्पनाहरूलाई पहिचान गर्ने प्रयास गरेको छ जसले परम्परागत मान्यतालाई चुनौती दिने मात्र नभई महिलाको शरीर र अनुभवलाई नयाँ दृष्टिले बुझ्न पनि प्रेरित गरेको छ ।

## सन्दर्भ सामग्री


कल्पित, राधिका (२०८१), *सम्मोहन*, इन्डिगो इन्क प्रा. लि ।

गौतम, लक्ष्मणप्रसाद (२०८१), *सम्मोहन* (भूमिका), इन्डिगो इन्क प्रा. लि ।

भण्डारी, खिमानन्द (२०७९), माध्यमिक तहमा अध्यनरत किशोरीहरूमा महिनावारीसम्बन्धी ज्ञान, *कलादर्पण*, वर्ष ३, अङ्क १ । https://doi.org/10.3126/kaladarpan.v3i1.55242

Bobel, C., & Fahs, B. (2020). From bloodless respectability to radical menstrual embodiment: Shifting menstrual politics from private to public. *Signs: Journal of Women in Culture and Society, 45*(4), 955–983. https://doi.org/10.1086/707802

Fahs, B. (2016). *Out for blood: Essays on menstruation and resistance*. SUNY Press.

Gaybor, J., & Harcourt, W. (2022). Seeing the colour red: Menstruation in global body politics. *Global Public Health, 17*(10), 2388–2400. https://doi.org/10.1080/17441692.2021.2016886

Hajjeh, R. A., Reingold, A., Weil, A., Shutt, K., Schuchat, A., & Perkins, B. A. (1999). Toxic shock syndrome in the United States: Surveillance update, 1979–1996. *Emerging Infectious Diseases, 5*(6), 807–810. https://doi.org/10.3201/eid0506.990611

Hartmann, N., & Kelly, E. (2014). *Aesthetics*. De Gruyter.

https://www.manushyafoundation.org/post/feminism-adequate-menstrual-hygiene-management-is-not-a-luxury-it-is-a-basic-need-for-all-women

https://www.unwomen.org/en/digital-library/multimedia/2019/10/infographic-periods

Kristeva, J. (1982). *Powers of horror: An essay on objection*. Columbia University Press.

Lewis, J. (2012). *Beauty in blood: Gallery*. Beauty in Blood. http://www.beautyinblood.com/archive-gallery.html

Marshall, I. G., & Norman, R. J. (2022). Menstruation: Where physiology, history and inequality meet. Fertility and Sterility*,* *118*(2), 260–261. DOI: 10.1016/j.fertnstert.2022.06.004

Martin, M. H. (1999). Postmodern periods: Menstruation media in the 1990s. *The Lion and the Unicorn, 23*(3), 395–414.

Muharremi, R. (2024). *"All red, everything": Menstruation aesthetics in contemporary anglophone poetry*, Umea centre for gender studies, Umea University.

Saito, Y. (2007). *Everyday aesthetics*. Oxford University Press.

Sayers, J. G., & Jones, D. (2015). Truth scribbled in blood: Women's work, menstruation and poetry. Gender, work & organization*, 22*(2), 94–111. https://doi.org/10.1111/gwao.12059

Tunc, T. E. (2013). Rivers of the body: Fluidity as a reproductive metaphor in american feminist (post) confessional ecopoetry. Women's Studies. [Online] *42*(2), 113–139. https://doi.org/10.1080/00497878.2013.747378

Weinstein, L. (2006). The significance of the armagh dirty protest. *Eire–Ireland, 41*(3), 11–41. https://doi.org/10.1353/eir.2007.0012